# जलजला गाउँपालिका

## लामाखेत, पर्वत

# वजेट वक्तव्य
# आर्थिक वर्ष २०७७/७८

आदरणीय सभाध्यक्ष ज्यू,
गाउँसभाका सदस्यहरू,
उपस्थित सम्पूर्ण अतिथिगण, कर्मचारीहरू तथा सम्पुर्ण महानुभावहरू

जलजला गाउँपालिकाले स्थानिय सरकारको हैसियतले आफ्नो क्षेत्रभित्र उपलब्ध सीमित स्रोत साधनहरूको अधिकतम परिचालन गरी जनताका आवश्यकता र चाहानालाई संवोधन गर्न, राजनीतिक परिवर्तनलाई संस्थागत गर्न, नागरीक अभियानहरूको एजेण्डालाई आत्मसात गर्दै राज्यप्रति जनविश्वास वृद्धि गर्न, संघीय लोकतान्त्रीक शासन ब्यवस्थालाई सुदृढीकरण गर्दै आर्थिक विकासको राष्ट्रिय लक्ष्य प्राप्त गर्न जनताका आकाक्षां अनुरूप आर्थिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।
विश्वब्यापी महामारीको रूपमा फैलिइरहेको कोभिड-१९ को जोखिमपूर्ण परिस्थितीमा जलजला गाउँपालिकाको गरिमामय यस आठौं गाउँसभा समक्ष आर्थिक वर्ष २०७७/७८ को वार्षिक आय-ब्ययको अनुमानित विवरण (बजेट) प्रस्तुत गर्दैछु ।
जलजला गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रम वमोजिमका उद्देश्य पुरा गर्ने लक्ष्यका साथ आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्त खुशी लागेको छु ।
राष्ट्रहित, लोकतन्त्र, र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देशको सामाजिक आर्थिक रूपान्तरणका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने, सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

कोभिड-१९ को संक्रमणबाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना ब्यक्त गर्दछु । कोभिड-१९ बाट संक्रमित हुनु भएका सबै नेपाली दाजुभाई तथा दिदीबहिनी को शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

सभाध्यक्ष महोदय,
अब म आर्थिक वर्ष ७७।७८ को बजेटका लक्ष्य, उद्देश्य, रणनीति, बजेट तर्जुमा गर्दाका आधारहरू, र प्राथमिकताहरू प्रस्तुत गर्दछु ।

**बजेटको लक्ष्य ः**

जलजला गाउँपालिकालाई स्वस्थ र समृद्ध बनाउने ।

**उद्देश्य ः**

विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण, लगायत विभिन्न किसिमका विपद् तथा प्रकोपवाट गाउँपालिकावासी नागरिकहरूलाई जोगाउँदै उपलब्ध साधन स्रोतलाई उत्पादनमूलक तथा रोजगारीमुलक क्षेत्रमा समुचित परिचालन गरी आर्थिक सामाजिक क्षेत्रको विकास गर्दै गाउँपालिकालाई समृद्धिको दिशातर्फ अगाडि बढाउने ।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष ७७।७८ को बजेटका रणनीतिहरू निम्न रहेका छन ।**

- ❖ गाउँपालिकाको आर्थिक, सामाजिक क्षेत्रको उत्थान तथा विकासको आधार खडा गर्न विद्यमान श्रोत साधनको पहिचान गरी कर प्रणालीलाई वैज्ञानिक र गतिशिल बनाउने ।
- ❖ गाउँपालिकामा रहेको गरिबी न्यूनीकरण गर्न स्वरोजगारमुलक एवं रोजगारी सृजनाका लागि बेरोजगार तथा अर्ध वेरोजगारहरूको तथ्याङ्क संकलन गरी उपयुक्त योजनाहरू तर्जुमा गर्ने ।
- ❖ स्वास्थ्य क्षेत्रको सवलीकरणवाट प्रकोपको जोखिम न्यूनिकरण गर्दै आधारभूत स्वास्थ्य सेवामा आम जनताको पहुँच र गुणस्तरियता वृद्धि गर्दै जाने ।
- ❖ गाउँपालिकाको नीतिगत तथा संस्थागत विकास गर्दै आर्थिक, सामाजिक, भौतिक र सास्कृतिक रूपले सक्षम बनाउने ।
- ❖ सुशासन प्रबर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरूलाई नतिजामुलक र उत्पादनमुलक बनाउनुको साथै सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी र जवाफदेही वनाउने ।
- ❖ सामाजिक आर्थिक रूपमा पछाडि परेको वर्गहरूलाई ससक्तीकरणका माध्यमवाट आत्म निर्भरता तर्फ उन्मुख गराउने ।

**बजेट निर्माणका आधारहरू ः**

- ➢ नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल र साझा अधिकारको सूचि, संविधान बमोजिमका मौलिक हकहरू, संविधानको धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्यप्रणाली ।
- ➢ राज्यका निर्देशक सिद्धान्त, राज्यका आर्थिक, समाजिक, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नीतिहरू,
- ➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय ऐन, नियमहरू र प्रचलित ऐन कानूनका प्रावधानहरू,

- संघीय एवं प्रादेशिक आर्थिक निति एवं आवधिक योजनाले अवलम्वन गरेका नीतिहरू, जलजला गाँउपालिकाको नीति तथा कार्यक्रम एवं गाँउसभाका सदस्यहरूवाट प्राप्त सुझावलाई समेटी यो बजेट निर्माण गर्ने प्रयत्न गरेको छु ।

- वित्तिय संघियताको मर्म अनुरूप गाँउपालिकाले संघ सरकार र प्रदेश सरकारवाट प्राप्त गरेका एवं गर्ने वित्तिय समानिकरण, शसर्त अनुदान, राजश्व बाँडफाँड, समानिकरण अनुदान एवं गाउँपालिकाको आन्तरिक आय श्रोत समेतलाई ध्यान दिई वजेट तर्जुमा गरेको छु ।

- विपद् ब्यवस्थापन आर्थिक सामाजिक क्षेत्रको उत्थान, पुर्वाधारहरूको विकास तथा  उत्पादनमुलक तथा रोजगारी सृजनाका क्षेत्रमा लगानी गर्ने गाँउपालिकाको नीति अनुरूप वजेट तर्जुमा गर्ने प्रयास गरेको छु ।

- जनताको आकाँक्षा, एवं जनप्रतिनिधिहरूको विकासको चाहाना पुरा गर्न मौजुदा कानुनी ब्यवस्था र उपलब्ध श्रोतको परिधिमा रहि बजेट तर्जमा गरेको छु ।

**बजेटका प्राथमिकताहरू ः**

आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा कोभिड-१९ को प्रकोप तथा सम्भावित विपदको रोकथाम नियन्त्रण र क्षति न्यूनिकरण गर्दै आर्थिक सामाजिक क्षेत्रको सिघ्र उत्थान गर्न सकिने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक वर्षमै सम्पन्न गर्न सकिने, अत्यावश्यक कार्यक्रमको शुरूवात  र कम्रागत योजनाहरूको निरन्तर कार्यान्वयन गर्न र सुशासन र सस्थागत विकासको माध्यमवाट संघ सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सेवा प्रवाहमा सिघ्रता र गुणस्तरीयता कायम गर्ने र सार्वजनिक क्षेत्र, सामुदायिक क्षेत्र  निजी क्षेत्र र सहकारी क्षेत्रसँगको सहकार्यमा विकासका कृयाकलाप अगाडि बढाउने कार्यक्रमलाई प्राथमिकता दिएको छु ।

सभाध्यक्ष महोदय,
अव म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु ।

नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारद्धारा आर्थिक वर्ष २०७७/७८ मा यस गाउँपालिकाको लागि दिने अनुदानको जम्मा हिस्सा देहाएवमोजिम रहने अनुमान गरिएको छ ।

- **वित्तिय समानिकरण** अनुदान अन्तर्गत संघ सरकारवाट रू ९,४२,०००००(नौ करोड वयालिस लाख) र प्रदेश सरकारवाट रू १,२०,८९,००० (एक करोड विस लाख उन्नब्बे हजार) गरी जम्मा **रू. १०,६२,८९,०००।–(दश करोड, बैसठ्ठी लाख, उन्नब्बे हजार)**
- **राजश्व वाडफाँड** अन्तर्गत संघ सरकारवाट रू ६,५५,४६,४३०।(छ करोड, पचपन्न लाख, छयालिस हजार चार सय तीस) र प्रदेश सरकारवाट रू ३३,५४०००(तेत्तिस लाख, चउन्न हजार) गरी जम्मा **रू. ६,८९,००,४३०।– (छ करोड उन्नब्बे लाख चार सय तीस रूपैया)**
- **सशर्त अनुदानको** रूपमा संघ सरकारवाट रू १९,८२,००,०००(उन्नाइस करोड वयासी लाख) र प्रदेश सरकारवाट ५०,०००००।(पचास लाख) गरी जम्मा रू **२०,३२,०००००।(वीस करोड, बत्तिस लाख)**
- **समपुरक अनुदान** अन्तर्गत प्रदेश सरकारवाट ५०,०००००।(पचास लाख)
- यस प्रकार उल्लिखित शिर्षक अनुसार आगामी आर्थिक वर्षमा संघ सरकारको कुल अनुदान रकम रू ३५,७९,४६,४३०।**(पैतिस करोड उनासी लाख छयालिस हजार चार सय तीस रूपैया)** र प्रदेश सरकारको कुल अनुदान रकम रू २,५४,४३,०००।**(दुई करोड चउन्न लाख त्रिचालिस हजार रूपैया) गरी** कुल अनुदान रकम रू ३८,३३,८९,४३०।**(अड्तिस करोड तेत्तिस लाख उन्नब्बे हजार चार सय तीस रूपैया) र**

- गाउँपालिकाले लगाउने कर, शुल्क, दस्तुर एवम् अल्या समेत बाट आगामी आ.व. २०७७/७८ मा कुल ३२९३५५७०।– (तीन करोड उन्तीस लाख पैतिस हजार पाँच सय सत्तरी) राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

उल्लिखित नेपाल सरकार एवं प्रदेश सरकारवाट प्राप्त हुने विभिन्न अनुदान, राजश्व वाँडफाँड, र सम्भावित राजश्व एवं अ ल्या. समेतका आधारमा यस वर्षको कुल बजेटको आकार रू ४१,६३,२५०००।- (एकचालिस करोड त्रिसठ्ठी लाख पच्चिस हजार) रूपैयाको हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**अव म आगामी आर्थिक वर्षको २०७७/७८ व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु,**

आगामी आर्थिक वर्षमा चालुतर्फ जम्मा रू ८,३२,५०,०००।–(अक्षरूपी आठ करोड बत्तिस लाख पचास हजार रूपैया मात्र) विनियोजन गरेको छु ।

त्यसैगरी आगामी आर्थिक वर्षलाई पुजीगत तर्फ विनियोजन रू १३४८७५००० । (तेह्र करोड अड्चालिस लाख पचहत्तर हजार रूपैया) **रहे**को छ । जसको कार्यान्वयनबाट गाउँपालिकामा आइपर्ने विपद् जोखीमको ब्यवस्थापन गर्दै बर्तमान आर्थिक, सामाजिक एवं पूर्वाधार लगायतका क्षेत्रको रूपान्तरणको माध्यमवाट विकास र समृद्धी हासिल गर्ने हामी सवैको साझा लक्ष्य पुरा गर्न बलियो आधार खडा हुने अपेक्षा गरिएको छ ।

अव म वडागत तथा कार्यक्रम अनुसारको विस्तृत विवरण अन्तर्गत अव म योजनाहरूको नाम, कार्यान्वयन हुने स्थान र विनियोजित रकम उल्लेख गर्न चाहन्छु ।

अनुसूची - ६

# जलजला गाउँपालिका

## वार्षिक विकासयोजना/ कार्यक्रम आ.व.२०७७/७८

**जलजला गाउँपालिका**

**वार्षिक विकास कार्यक्रम**

आ.व.२०७७/७८

अनुसूची–६

संकेत नं./विषयगत शिर्षकः ____________________________

| | **कार्यक्रम अयोजनाको नाम** | **कार्यान्वयन हुने स्थान** | **विनियोजन रु** | **विनियोजन रु** | **श्रोत** | **कैफीयत** |
|---|---|---|---|---|---|---|
| १ | गाँउपालिका भवन पुर्वाधार निर्माण तथा सभाहल | | २००००००० | | | बहुवर्षिय योजना |
| २ | २नं वडा कार्यालय जग्गा खरिद तथा भवन | २ | ४०००००० | | | क्रमागत |
| ३ | फट्केढूँगा आधारभुत विदयालय र ४ नं वडा कार्यालय वीच जग्गा तथा भवन साझेदारी | ४ | २५०००००० | | | क्रमागत |
| ४ | गौशाला पुर्वाधार निर्माण शुरुवात | ७ | १५०००००० | | | आगामी वर्ष थप गर्ने गरी |
| ५ | भुसुने खोलाखेत मोटरवाटो | ६ | ९००००० | | | |
| ६ | लस्ति वनौ सडक | ९ | १०००००० | | | |
| ७ | चिनाखेत मालगाँउ मालिका लेखफाँट सडक | १ | ८००००० | | | |
| ८ | स्वास्थ्य | | १०००००० | | | |
| ९ | एम्वुलेन्स सञ्चालन तथा मर्मत | | ३००००० | | | |
| १० | फोहोरमैला व्यवस्थापन | | ३००००० | | | |
| ११ | वडा कार्यालय नागलीवाङ | ८ | ३५०००००० | | | चालु आ व मा काम नभएको |
| १२ | कुलडाँडा देखी हटिया हुँदै समिको वोट सम्म नालि सहित सडक स्तरोन्नती | ३ | १०००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | लामछिरो थामा पिडल्ला सिचाइ | ४ | ४५०००० | | | चालु आ व मा काम नभएको |
| १४ | प्रकोप व्यवस्थापन कोष | | ५०००००० | | | अध्यक्षको तोक आदेशमा जाली पाइप समेत |
| १५ | मेसीनरी औजार तथा फर्नीचर खरीद | | १०००००० | | | |
| १६ | कृषि | | ४५००००० | | | |
| १७ | पशु | | ३०००००० | | | |
| १८ | शिक्षा | | ३३००००० | | | |
| १९ | औधोगीक ग्राम डी पी आर तथा आइ ई ई | २ | १५००००० | | | |
| २० | मोहनचोक फटकेढूगा सडक समपुरक कोष समेत | ४ | १००००००० | | | क्रमागत वहुवर्षिय |
| २१ | अध्यक्षको तोक आदेशमा हुने पुजीँगत सार्वजनिक निर्माण मर्मत तथा भैपरी कार्यक्रम | | २०००००० | | | निर्णय भै गत आ व मा भुक्तानि दिन वाँकि रकमको भूक्तानीका लागि समेत |
| २२ | होमस्टे | | ४००००० | | | |
| २३ | महिला वालवालीका तथा ज्येष्ठ नागरिक जनजाती अपाङ्ग दलित लगायत लक्षित कार्यक्रम | | ६०००००० | | | भुक्तानि दिन वाँकि रकमको भूक्तानीका लागि समेत |
| २४ | न्यायीक समिति सञ्चालन | | ३००००० | | | |
| २५ | सार्वजनिक जग्गा पहिचान | | २००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | जलजला गा पा भित्रका पर्यटकिय धार्मीक तथा महत्वपुर्ण स्थानको प्रवर्दन तथा डी पी आर | | १०००००० | | | |
| २७ | कालाञ्जर क्षेत्र मर्मत तथा पुजा व्यवस्थापन | | १०००००० | | | |
| २८ | ९ वटा वडालाइ सुचना तथा सञ्चार | | ९००००० | | | |
| २९ | उद्योग व्यवसाय प्रोत्साहन तथा प्रवर्दन | | १००००० | | | |
| ३० | साहित्यकार मोहनवहादुर मल्ल सालिक निर्माण | | ५००००० | | | |
| ३१ | समपुरक तथा साझेदारी कार्यक्रम | | १०००००० | | | |
| ३२ | नौमती वाजा, आरान र घट्टा मिल | | ५००००० | | | |
| ३३ | गाउँपालिका अध्यक्ष जातिय विभेद उन्मुलन कार्यक्रम | | २००००० | | | |
| ३४ | वारीवेनी भुर्तुला मल्लाज माझफाँट लेखफाँट अन्नेचौर सडक | ३ | ५०००००० | | | शसर्त |
| ३५ | वि पि स्मृती भवन पर्वत | | २०००००० | | | भवन निर्माण प्रयोजन मात्र |
| ३६ | जलजला अध्ययन प्रतिष्ठान भवन | | १०००००० | | | भवन निर्माण प्रयोजन मात्र |
| ३७ | गरिव तथा वेरोजगारसँग अध्यक्ष हातेमालो कार्यक्रम | | ७०००००० | | | अध्यक्षको तोक आदेशवाट |
| ३८ | वनवढे नागी सडक | वडा न ५ | १०००००० | | | |
| | | | | ९५६५०००० | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| १ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न १ | | ३६००००० | | |
| २ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न २ | | ४९००००० | | |
| ३ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ३ | | ४८७५००० | | |
| ४ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ४ | | ४४००००० | | |
| ५ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ५ | | ४०००००० | | |
| ६ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ६ | | ४४००००० | | |
| ७ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ७ | | ४२००००० | | |
| ८ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ८ | | ५३००००० | | |
| ९ | सम्पुर्ण सार्वजनिक निर्माण | वडा न ९ | | ३५००००० | | |
| | | | | | | |

| शीर्षक | | आ.व.२०७७/७८ को अनुमान | | श्रोत |
|---|---|---|---|---|
| | | रकम रु. | अक्षरुपी रु. | आन्तरिक |
| सि.नं. | चालु खर्च | | | |
| 1 | पारिश्रमिक कर्मचारी | १६000000 | एक करोड साठी लाख | |
| 2 | पदाधिकारी सुविधा आ.व. ७६/७७ को वाँकी **(प्रदेश कानुन अनुसार)** | ९000000 | नब्बे लाख | |
| 3 | पोशाक | ६00000 | छ लाख | |
| 4 | औषधी उपचार खर्च | १00000 | एक लाख | |
| 5 | स्थानीय भत्ता | ३५0000 | तीन लाख पचास हजार | |
| 6 | महंगी भत्ता | ७00000 | सात लाख | |
| 7 | कर्मचारीको बैठक भत्ता | ७00000 | सात लाख | |
| 8 | पदाधिकारी वैठक भत्ता | ८00000 | आठ लाख | |
| 9 | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५0000 | पचास हजार | |
| 10 | अन्य भत्ता | १00000 | एक लाख | |
| 11 | पदाधिकारी अन्य सुविधा | २000000 | वीस लाख | |
| 12 | पदाधिकारी अन्य भत्ता | २00000 | दुई लाख | |
| 13 | पानी तथा बिजुली | ८५0000 | आठ लाख पचास हजार | |
| 14 | संचार महसुल | २३00000 | तेइस लाख | |
| 15 | इन्धन (पदाधिकारी) | १२00000 | वाह्र लाख | |
| 16 | इन्धन (कार्यालय प्रयोजन) | १२00000 | वाह्र लाख | |
| 17 | सवारी साधन मर्मत खर्च | २000000 | वीस लाख | |
| 18 | बीमा तथा नवीकरण खर्च | ४00000 | चार लाख | |
| 19 | मेशीनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७00000 | सात लाख | |
| 20 | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत | १00000 | एक लाख | |

| | | | | |
|---|---|---|---|---|
| | सम्भार खर्च | | | |
| 21 | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | १००००० | एक लाख | |
| 22 | मसलन्द तथा कार्यालय सामाग्री | २८००००० | अठ्ठाइस लाख | |
| 23 | पुस्तक तथा सामाग्री खर्च | १००००० | एक लाख | |
| 24 | इन्धन - अन्य प्रयोजन | १००००० | एक लाख | |
| 25 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४०००००० | चालिस लाख | |
| 26 | अन्य कार्यालय संचालन खर्च | ३००००० | तीन लाख | |
| 27 | सेवा र परामर्श | २०००००० | वीस लाख | |
| 28 | सञ्चार, सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०००००० | वीस लाख | |
| 29 | करार सेवा शुल्क (करार कर्मचारी कटुवाल एम्वुलेन्स चालक सहित | ९०००००० | नब्बे लाख | |
| 30 | अन्य सेवा शुल्क | १००००० | एक लाख | |
| 31 | कर्मचारी तालिम खर्च | ५००००० | पाँच लाख | |
| 32 | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५००००० | पाँच लाख | |
| 33 | कार्यक्रम खर्च | १५००००० | पन्ध्र लाख | |
| 34 | विविध कार्यक्रम खर्च | १५००००० | पन्ध्र लाख | |
| 35 | अनुगमन तथा मुल्याङ्कन खर्च | १५००००० | पन्ध्र लाख | |
| 36 | भ्रमण खर्च( कर्मचारी ) | १४००००० | चौध लाख | |
| 37 | भ्रमण खर्च( पदाधिकारी ) | ५००००० | पाँच लाख | |
| 38 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६००००० | छ लाख | |
| 39 | अन्य भ्रमण खर्च | १००००० | एक लाख | |
| 40 | विविध खर्च(पदाधीकारी) | ६०००००० | साठी लाख | |
| 41 | विविध खर्च(कर्मचारी) | १०००००० | दश लाख | |
| 42 | सभा सञ्चालन खर्च | १०००००० | दश लाख | |
| 43 | सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण खर्च | ५००००० | पाँच लाख | |
| 44 | अन्य सहायता | ५००००० | पाँच लाख | |

| | | | | |
|---|---|---|---|---|
| 45 | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०००००० | दश लाख | |
| 46 | औषधी खरिद खर्च | २००००० | दुई लाख | |
| 47 | अन्य सामाजिक सहायता | १००००० | एक लाख | |
| 48 | मृत कर्मचारीको सुविधा तथा सहायता | १००००० | एक लाख | |
| 49 | घर भाडा | १५००००० | पन्ध्र लाख | |
| 50 | अन्य भाडा | २००००० | दुई लाख | |
| 51 | भैपरी आउने चालु खर्च | ५००००० | पाँच लाख | |
| 52 | वडा सञ्चालन खर्च | २७००००० | सत्ताइस लाख | |
| **चालु खर्च जम्मा** | | ८३२५०००० | **आठ करोड बत्तिस लाख पचास हजार** | |

**आदरणीय सभाध्यक्ष ज्यू,**
**सदस्य ज्युहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरू,**
**अब म, जलजला गाउँपालिका आर्थिक विधेयक, २०७७ र जलजला गाउँपालिका विनियोजन विधेयक, २०७७ यसै साथ प्रस्तुत गर्दछु ।**

जलजला गाउँपालिकाको सम्मानित आठौं गाउँसभामा वार्षिक आय-व्ययको विवरण (वजेट) प्रस्तुत गर्ने क्रममा विभिन्न चरणमा आफ्नो स्थानवाट मार्गनिर्देशन उपलब्ध गराउनुहुने जलजला गाउँपालिकाका अध्यक्षज्यू प्रति विशेष आभार ब्यक्त गर्दछु । साथै आ-आफ्नो अधिकार क्षेत्रभित्र रही रचनात्मक सुझाव उपलब्ध गराउने पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, विपद् ब्यवस्थापन समिति, सुशासन प्रवर्द्धन समितिका संयोजक तथा सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष ज्यूहरू, गाउँकार्यपालिकाका सदस्य ज्यूहरू, गाँउसभा सदस्य ज्युहरू, कार्यालयका शाखा प्रमुख एवं सम्पूर्ण कर्मचारीहरू, वडा सचिव राजनितिक सल्लाहकार, कानुनी सल्लाहकार, शिक्षक, जनसमुदायहरू, राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाज, पत्रकार मित्रहरू, सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार ब्यक्त गर्दछु । साथै यस घोषणा समारोहलाई सौहार्दतापूर्वक सम्पन्न गर्न पुऱ्याएको योगदानका लागि गाउँपालिकाका पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । कोभिड १९ को संक्रमणवाट आफू बची र अरूलाई पनि बचाउनका लागि आवश्यक सावधानी र होसियारी अपनाउन म सवैलाई अनुरोध गर्दछु ।

अन्त्यमा प्रस्तुत वजेट कार्यान्वयनका सवै चरणहरूमा सरोकारवाला सबै क्षेत्रबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वयनका लागि यहाँहरू सवैको रचनात्मक सहयोगको अपेक्षाका साथ विदा हुने अनुमति चाहन्छु ।

**धन्यवाद !**

सीमा गर्वजा पुन

उपाध्यक्ष